# खैरहनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शिक्षा, युवा तथा खेलकुद शाखा
खैरहनी, चितवन
बागमती प्रदेश, नेपाल

पत्र संख्याः शिक्षा २०८०।८१
चलानी नम्वरः ७४४

मितिः २०८०।०४।३२

खैरहनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय खैरहनी, चितवन बागमती प्रदेश २०७३

**विषयः निःशुल्क प्राविधिक शिक्षा अध्ययनका लागि प्रवेश परीक्षाको फाराम भर्ने सम्बन्धी सूचना।**

प्रस्तित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, परीक्षा नियन्त्र कार्यालय, सानोठिमी, भक्तपुरबाट मिति २०८०।०४।२३ मा प्रकाशित सूचना अनुसार नेपाल सरकारको आ.व. २०८०।८१ को बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम प्राविधिक शिक्षाको पहुँच नपुगेका ८० वटा स्थानीय तह मध्ये खैरहनी नगरपालिकालाई समेत समावेश गरी कार्यक्रम प्राप्त हुन आएकोले यस नगरपालिका भित्रका योग्यता पुगेका दलित, मुस्लिम, विपन्न र सिमान्तकृत समुदायका छात्र/छात्राहरुबाट निर्धारीत कोटामा निशुल्क प्राविधिक शिक्षा अध्ययन गर्नका लागि मिति २०८० भाद्र ८ गते शुक्रबार सम्म निःशुल्क परीक्षा आवेदन फाराम भरी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु हुन सूचनाबाट जानकारी गराइन्छ । आवेदन फाराम नगरपालिकाबाट उपलब्ध हुनेछ । यस सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट प्रकाशित सूचना यसै साथ संलग्न गरीएको छ।

२०८०।४।३२
राजु ढाकाल
उप सचिव
नगर शिक्षा अधिकारी

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तहका छात्रछात्रालाई प्रिडिप्लोमा तथा डिप्लोमा तहमा निःशुल्क अध्ययनको लागि प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रममा प्रवेश परीक्षाका लागि आवेदन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति २०८०।०४।२३)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, प्राविधिक महाशाखाको च.नं. १५७, मिति २०८०।०४।१६ गतेको पत्रानुसार नेपाल सरकारको आर्थिक बर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम प्राविधिक शिक्षाको पहुँच नपुगेका ८० वटा स्थानीय तहका छात्रछात्राहरुबाट निम्न निर्धारित कोटामा प्रि डिप्लोमा तहमा ८० जना र डिप्लोमा तहमा १२० जना गरी जम्मा २०० जनाको लागि **निःशुल्क** प्राविधिक शिक्षा अध्ययन गर्नका लागि योग्य नेपाली नागरिकहरुबाट प्रवेश परीक्षाको आवेदन फाराम भरी बुझाउनु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**१. लक्षित बर्ग :**

क) तपसिल अनुसारका ८० वटा पालिकामा स्थायी वसोवास गर्ने २०० जना छात्रछात्राहरु

| क्र.स. | प्रदेश | जिल्ला | स्थानीय तह |
|---|---|---|---|
| १ | कोशी | इलाम | माई जोगमाई गाउँपालिका |
| २ | कोशी | इलाम | माई नगरपालिका |
| ३ | कोशी | खोटाङ्ग | केपिलासगढी गाउँपालिका |
| ४ | कोशी | खोटाङ्ग | दिप्रुङ्ग गाउँपालिका |
| ५ | कोशी | खोटाङ्ग | बराहपोखरी गाउँपालिका |
| ६ | कोशी | ताप्लेजुङ्ग | आठराईत्रिवेणी गाउँपालिका |
| ७ | कोशी | ताप्लेजुङ्ग | फक्ताङ्लुङ्ग गाउँपालिका |
| ८ | कोशी | ताप्लेजुङ्ग | मिक्वाखोला गाउँपालिका |
| ९ | कोशी | ताप्लेजुङ्ग | याङ्वरक गाउँपालिका |
| १० | कोशी | ताप्लेजुङ्ग | सिदिङ्गवा गाउँपालिका |
| ११ | कोशी | तेह्रथुम | फेदाप गाउँपालिका |
| १२ | कोशी | तेह्रथुम | मेन्छयायेम गाउँपालिका |
| १३ | कोशी | धनकुटा | खाल्सा छिन्ताङ्ग सहिदभूमि |
| १४ | कोशी | पाँचथर | हिलिहाङ्ग गाउँपालिका |
| १५ | कोशी | भोजपुर | साल्पासिलिछो गाउँपालिका |
| १६ | कोशी | मोरङ्ग | कटहरी गाउँपालिका |
| १७ | कोशी | मोरङ्ग | सुनवर्षी नगरपालिका |
| १८ | कोशी | सङ्खुवासभा | चिचिला गाउँपालिका |
| १९ | कोशी | सङ्खुवासभा | मकालु गाउँपालिका |
| २० | कोशी | सङ्खुवासभा | सभापोखरी गाउँपालिका |
| २१ | कोशी | सुनसरी | गढी गाउँपालिका |
| २२ | कोशी | सुनसरी | दुहबी नगरपालिका |
| २३ | कोशी | सुनसरी | भोक्राहा गाउँपालिका |
| २४ | कोशी | सोलुखुम्बु | खुम्बुपासाङल्हामु गाउँपालिका |
| २५ | कोशी | सोलुखुम्बु | लिखु पिके गाउँपालिका |
| २६ | मधेश | धनुषा | क्षिरेश्वरनाथ नगरपालिका |
| २७ | मधेश | धनुषा | धनौजी गाउँपालिका |
| २८ | मधेश | पर्सा | जगरनाथपुर गाउँपालिका |
| २९ | मधेश | पर्सा | जिराभवानी गाउँपालिका |
| ३० | मधेश | पर्सा | धोबीनी गाउँपालिका |
| ३१ | मधेश | पर्सा | पटेर्वासुगौली गाउँपालिका |
| ३२ | मधेश | पर्सा | बिन्दबासिनी गाउँपालिका |
| ३३ | मधेश | बारा | देवताल गाउँपालिका |
| ३४ | मधेश | बारा | बारागढी गाउँपालिका |
| ३५ | मधेश | महोत्तरी | साम्सी गाउँपालिका |
| ३६ | मधेश | रौतहट | परोहा नगरपालिका |
| ३७ | मधेश | रौतहट | बौधीमाई नगरपालिका |
| ३८ | मधेश | रौतहट | राजपुर नगरपालिका |
| ३९ | मधेश | सप्तरी | महादेवा गाउँपालिका |
| ४० | मधेश | सर्लाही | चक्रघट्टा गाउँपालिका |
| ४१ | मधेश | सर्लाही | धनकौल गाउँपालिका |
| ४२ | मधेश | सर्लाही | पर्सा गाउँपालिका |
| ४३ | मधेश | सर्लाही | बसबरिया गाउँपालिका |
| ४४ | मधेश | सर्लाही | रामनगर गाउँपालिका |
| ४५ | बागमती | काभ्रेपलान्चोक | नमोबुद्ध नगरपालिका |
| ४६ | बागमती | काभ्रेपलान्चोक | मण्डनदेउपुर नगरपालिका |
| ४७ | बागमती | चितवन | खैरहनी नगरपालिका |
| ४८ | बागमती | नुवाकोट | तारकेश्वर गाउँपालिका |
| ४९ | बागमती | नुवाकोट | दुप्चेश्वर गाउँपालिका |
| ५० | बागमती | नुवाकोट | मेघाङ्ग गाउँपालिका |
| ५१ | बागमती | रसुवा | पार्वतीकुण्ड गाउँपालिका |
| ५२ | बागमती | सिन्धुपाल्चोक | भोटेकोशी गाउँपालिका |
| ५३ | बागमती | सिन्धुली | ध्याङलेख गाउँपालिका |
| ५४ | गण्डकी | बाग्लुङ्ग | तमानखोला गाउँपालिका |
| ५५ | गण्डकी | गोरखा | चुमनुब्री गाउँपालिका |
| ५६ | गण्डकी | तनहुँ | देवघाट गाउँपालिका |
| ५७ | गण्डकी | पर्बत | जलजला गाउँपालिका |
| ५८ | गण्डकी | पर्बत | पैयुं गाउँपालिका |
| ५९ | गण्डकी | मनाङ्ग | नारफु गाउँपालिका |
| ६० | गण्डकी | मनाङ्ग | नाशोङ गाउँपालिका |
| ६१ | गण्डकी | मनाङ्ग | नेस्याङ गाउँपालिका |
| ६२ | गण्डकी | मुस्ताङ्ग | दालोमे गाउँपालिका |
| ६३ | गण्डकी | मुस्ताङ्ग | बाह्रगाउँमुक्तिक्षेत्र गाउँपालिका |
| ६४ | गण्डकी | लमजुङ्ग | दुधपोखरी गाउँपालिका |
| ६५ | गण्डकी | लमजुङ्ग | दोर्दी गाउँपालिका |
| ६६ | लुम्बिनी | अर्घाखाँची | शितगङ्गा नगरपालिका |

| क्र.स. | प्रदेश | जिल्ला | स्थानीय तह |
|---|---|---|---|
| ६७ | लुम्बिनी | अर्घाखाँची | भुमिकास्थान नगरपालिका |
| ६८ | लुम्बिनी | रुपन्देही | ओमसतिया गाउँपालिका |
| ६९ | लुम्बिनी | रुपन्देही | कोटहीमाई गाउँपालिका |
| ७० | लुम्बिनी | रुपन्देही | सम्मरीमाई गाउँपालिका |
| ७१ | कर्णाली | कालिकोट | पलाता गाउँपालिका |
| ७२ | कर्णाली | डोल्पा | छार्कातान्सोङ गाउँपालिका |
| ७३ | कर्णाली | डोल्पा | डोल्पोबुद्ध गाउँपालिका |
| ७४ | कर्णाली | डोल्पा | शेफोक्सुण्डो गाउँपालिका |

| क्र.स. | प्रदेश | जिल्ला | स्थानीय तह |
|---|---|---|---|
| ७५ | कर्णाली | दैलेख | ठाँटीकाँध गाउँपालिका |
| ७६ | कर्णाली | सल्यान | ढोरचौर गाउँपालिका |
| ७७ | कर्णाली | हुम्ला | अदानचुली गाउँपालिका |
| ७८ | सुदुरपश्चिम | कञ्चनपुर | लालझाडी गाउँपालिका |
| ७९ | सुदुरपश्चिम | बझाङ्ग | काँडा गाउँपालिका |
| ८० | सुदुरपश्चिम | बाजुरा | पाण्डव गुफा गाउँपालिका |

२. शैक्षिक कार्यक्रम, कोटा संख्या र अध्ययनका लागि तोकिएको शिक्षालय

| सि नं. | शिक्षालयको नाम र ठेगाना | कार्यक्रम | कोटा |
|---|---|---|---|
| | | प्रि-डिप्लोमा तहका कार्यक्रमको हकमा | |
| १ | जय किसान बहुप्राविधिक शिक्षालय, रौतहट | प्रि-डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान) | ४० |
| २ | एग्रो फरेष्ट्रि बहुप्राविधिक शिक्षालय, अर्घाखांची | प्रि-डिप्लोमा इन लाइभस्टक प्रोडक्सन एण्ड एनिमल हेल्थ | ४० |
| | | डिप्लोमा तहका कार्यक्रमको हकमा | |
| १ | रत्नकुमार बान्तवा बहुप्राविधिक शिक्षालय, इलाम | डिप्लोमा इन सिभिल इन्जिनीयरिङ्ग | ४० |
| २ | भरतपूर बहुप्राविधिक शिक्षालय, जगतपुर, चितवन | डिप्लोमा इन होटल म्यानेजम्यान्ट | ४० |
| ३ | शहीद नेत्रलाल बहुप्राविधिक शिक्षालय, सल्यान | डिप्लोमा इन एग्रिकल्चर (पशु विज्ञान) | ४० |

३. आवश्यक न्यूनतम योग्यता :

३.१ प्रि-डिप्लोमा तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता :

(क) अक्षराङ्क पद्धति लागू हुनु पूर्व: मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण

(ख) अक्षराङ्क पद्धति लागू भए पश्चात: एस.ई.ई का सम्पूर्ण विषयको परीक्षामा समावेस भई न्यूनतम ई ग्रेड वा सो सरह वा ग्रेड सिट प्राप्त ।

३.२ डिप्लोमा तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता :

(क) अक्षराङ्कन पद्धति लागु हुनु पूर्व : मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषदबाट संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी. /प्रि डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको ।

(ख) अक्षराङ्कन पद्धतिको लागू भए पश्चात: मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा १.६ जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी. /प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको ।

४. आवेदन फाराम पाइने तथा बुझाउने स्थानहरु :
परीक्षार्थीहरुले आफ्नो पालिका भएको प्रदेशमा मात्र आवेदन फाराम बुझाउनु पर्नेछ ।

(क) कोशी प्रदेश अन्तर्गतका पालिकाका आवेदकहरुका लागि

- परिषद्, कोशी प्रदेश कार्यालय, इटहरी, सुनसरी
- रत्नकुमार बान्तवा बहुप्राविधिक शिक्षालय, इलाम
- श्रीराम मिथिला बहुप्राविधिक शिक्षालय, भोजपुर

(ख) मधेश प्रदेश अन्तर्गतका पालिकाका आवेदकहरुका लागि

- परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुरधाम, धनुषा
- वि.पि.स्मृति बहुप्राविधिक शिक्षालय, धनुषा
- जयकिशान बहु-प्राविधिक शिक्षालय, धरहरी, रौतहट

(ग) बागमती प्रदेश अन्तर्गतका पालिकाका आवेदकहरुका लागि

- परिषद्, प्रदेश कार्यालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर
- जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा
- नेपाल वनेपा बहुप्राविधिक शिक्षालय, वनेपा, काभ्रेपलाञ्चोक
- पनौती प्राविधिक शिक्षालय, पनौती, काभ्रेपलाञ्चोक
- भरतपुर बहुप्राविधिक शिक्षालय, जगतपुर, चितवन (9845199897)
- बालाजु स्कुल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु, काठमाण्डौ

(घ) गण्डकी प्रदेश अन्तर्गतका पालिकाका आवेदकहरुका लागि

- परिषद, गण्डकी प्रदेश कार्यालय, मालेपाटन, पोखरा, कास्की
- कालीगण्डकी बहुप्राविधिक शिक्षालय, तनहुं
- तनहुं प्राविधिक शिक्षालय, भिमाद, तनहु

(ङ) लुम्बिनी प्रदेश अन्तर्गतका पालिकाका आवेदकहरुका लागि

- परिषद्, लुम्बिनी प्रदेश कार्यालय, नयांगाउं, बुटवल, रुपन्देही
- कोरिया नेपाल बहुप्राविधिक शिक्षालय, तामनगर, रुपन्देही
- एग्रो फरेष्ट्रि बहुप्राविधिक शिक्षालय, अर्घाखांची
- भेरी प्राविधिक शिक्षालय, नेपालगञ्ज, बांके

(च) कर्णाली प्रदेश अन्तर्गतका पालिकाका आवेदकहरुका लागि

- परिषद्, कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत
- कर्णाली प्राविधिक शिक्षालय, खलंगा, जुम्ला
- शहीद नेत्रलाल बहुप्राविधिक शिक्षालय, सल्यान

(छ) सुदुरपश्चिम प्रदेश अन्तर्गतका पालिकाका आवेदकहरुका लागि

- परिषद्, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली
- टिकापुर बहुप्राविधिक शिक्षालय, टिकापुर, कैलाली
- सेती प्राविधिक शिक्षालय, दिपायल, डोटी

(आवेदन फाराम प.नि.का.को वेभसाईट www.ctevtexam.org.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ)

५. आवेदन फाराम भर्ने मितिः

| | |
|---|---|
| फाराम वितरण मिति | : २०८० श्रावण २३ गते मंगलवार देखि |
| फाराम बुझाउने अन्तिम मिति | : २०८० भाद्र ०८ गते शुक्रवार सम्म |
| आवेदन फाराम शुल्क | : निःशुल्क |

**६. प्रवेश परीक्षा संचालन हुने मिति** : २०८० भाद्र १६ गते शनिवार विहान ११:०० बजे

**७. परीक्षार्थीहरुले आफ्नो पालिका भएको प्रदेशमा मात्र आवेदन फाराम बुझाउनु पर्नेछ । अन्य प्रदेशमा बुझाइएको पाइएमा आवेदन फाराम स्वत रद्ध हुनेछ ।**

**८. प्रवेश परीक्षा संचालन हुने स्थानः (क) कोशी प्रदेशः** इटहरी, **(ख) मधेश प्रदेशः** जनकपुर, **(ग) बागमती प्रदेशः** काठमाण्डौ, **(घ) गण्डकी प्रदेशः** पोखरा, **(ङ) लुम्बिनी प्रदेशः** बुटवल, **(च) कर्णाली प्रदेशः** सुर्खेत र **(छ) सुदुरपश्चिम प्रदेशः** धनगढी

**नोटः** परीक्षा केन्द्र सम्बन्धी विस्तृत जानकारी २०८० भाद्र ११ गतेको गोरखापत्र राष्ट्रिय दैनिक र www.ctevtexam.org.np मा प्रकाशन गरिनेछ ।

**९. आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

फाराम साथ पेश गर्नुपर्ने प्रमाणपत्रहरु परीक्षार्थी स्वयंले प्रमाणित गरी सूची बमोजिम पेश गर्नुपर्नेछ । आवेदन फाराममा उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगरी पेश गरेमा परीक्षार्थीहरुको फाराम रद्ध हुनेछ ।

(क) नागरिकताको प्रमाणपत्र वा नेपाली नागरिक हो भनी प्रमाणित हुने नावालिग वा जन्म दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(ख) पालिकाबाट स्थायी बसोबास गरेको प्रमाण पत्रको प्रतिलिपि ।

(ग) एस.इ.ई, प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा उत्तीर्ण गरेको मार्कशीट, चारित्रिक प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी र २९ महिने प्राविधिक एस.एल.सी.को हकमा टेष्ट परीक्षाको लब्धाङ्क पत्र ।

(घ) माइग्रेशन र समकक्षता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (नेपाल सरकारको एस.इ.ई बोर्ड बाहेकका अन्य बोर्डबाट उत्तीर्णहरुका हकमा आवश्यक पर्ने) ।

(ङ) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को ३ प्रति फोटो ।

(च) बसाई सराईको हकमा सूचना प्रकाशन भएको मितिभन्दा छ (६) महिना अगाडि बसाई सराई गरिएको स्थानीय निकायको पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**१०. छनौट प्रकृया सम्बन्धी जानकारी :**

क) सूचनामा तोकिएको समय भित्र न्यूनतम योग्यता पुगी रितपूर्वक आवेदन फाराम भरेका आवेदकहरुलाई मात्र प्रवेश परीक्षामा समावेश गराइनेछ ।

ख) सम्बन्धित शिक्षण संस्था/कार्यालयले सूचनामा तोकिएको अवधि भित्र आवेदन फारामहरुलाई परिषद्, प.नि.का बाट उपलब्ध गराइएको Web Based Online Integrated Training Management System (ITMS) मा इन्ट्री गर्नु पर्नेछ । अनलाइन इन्ट्री गरेका फाराम परीक्षा नियन्त्रण कार्यालयबाट स्वीकृत भएपछि परीक्षार्थीको सिम्बोल नम्बर कायम गरी प्रवेशपत्र जारी गरिनेछ र प्रवेशपत्र प्राप्त परीक्षार्थीहरुलाई मात्र प्रवेश परीक्षामा समावेश गरिनेछ ।

ग) तोकिएको मिति भित्र आवेदन फाराम भरी शिक्षण संस्था/कार्यालयबाट अनलाइन आवेदन फाराम इन्ट्री भएका परीक्षार्थीहरु मध्येबाट प्रवेशिका परीक्षा वा एस.ई.ई. प्राप्त गरेको प्राप्ताङ्को योगफल र प्रवेश परीक्षामा प्राप्त गरेको अंकका आधारमा उच्चतम अङ्क अनुसार योग्यताक्रम निर्धारण गरी मुख्य उम्मेदवार र उत्तीर्ण सूची तयार गरिनेछ ।

घ) प.नि.का.बाट रितपूर्वकको अनलाइन आवेदन फाराम इन्ट्री भई प्रवेश परीक्षामा सामेल भएका आवेदकहरु मध्येबाट निम्नानुसार योग्यताक्रम निर्धारण गरिनेछ ।

(अ) प्रवेशिका परीक्षा वा एस.ई.ई. मा प्राप्त गरेको प्राप्ताङ्लाई प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०८० अनुसार ३० प्रतिशत अंकभार प्रदान गरिनेछ ।

(आ) प्रवेश परीक्षा वापत ७० प्रतिशत अंकभार प्रदान गरिनेछ । जसको लागि कक्षा १० स्तरको अनिवार्य गणितबाट २०, विज्ञानबाट २० र अंग्रेजीबाट २० वटा गरी जम्मा ६० वटा बहुउत्तर प्रश्नहरु सोधिनेछ ।

(इ) प्रमाणपत्र वापतको प्राप्ताकं र प्रवेश परीक्षाको प्राप्ताकंलाई जोडेर योग्यताक्रम तयार गरिनेछ । योग्यताक्रममा समावेश हुनका लागि न्यूनतम ३५ अंक प्राप्त गर्नुपर्नेछ ।

(ई) योग्यताक्रम तयार गर्दा प्राप्ताङ्क बराबर भएमा भर्ना सम्बन्धी निर्देशिकामा उल्लेख भए अनुसार हुनेछ ।

ङ) उपरोक्त विधिबाट नतिजा तयार गरी उच्चतम अङ्कको आधारमा आवेदकले प्राथमिकिकरण गरेको शिक्षालय अनुसार नतिजा प्रकाशन गरी भर्नाको लागि सिफारिस गर्ने र सो को जानकारीको सूचना गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरी www.ctevtexam.org.np मा नतिजा प्रकाशन गरिनेछ ।

**११. पुनश्चः**

(क) आवेदन फाराम बुझाउने स्थान तोकिएका शिक्षण संस्था/कार्यालयहरुले आवेदकहरुबाट रितपूर्वक भरीएको आवेदन फारामहरु अन्तिम म्याद भित्र संकलन गरी ITMS मा प्रविष्ट गराउनु पर्नेछ । आवेदन फाराम बुझाउने शिक्षण संस्था/कार्यालयमा Online Entry तथा आवेदन फाराम व्यवस्थापन गर्ने कर्मचारीलाई आवेदकको सम्पूर्ण विवरण Entry गराएको खण्डमा मात्र प्रति आवेदन रु. ५०। का दरले पारिश्रमिक प्रदान गरिनेछ ।

(ख) शिक्षण संस्था/कार्यालयहरुले आवेदन फाराम रुजु गरी स्वीकृत भएपछि मिति २०८०।०५।०९ गते भित्रमा ITMS मा Online Entry गरी सक्नुपर्नेछ । आवेदकहरु सबैको Online Entry गरिसकेपछि आवेदन फारामहरु शिलबन्दी गरी परीक्षा नियन्त्रण कार्यालयमा नतिजा प्रकाशनका लागि मिति २०८०।०५।१५ गते सम्ममा पठाउनु पर्नेछ ।

(ग) प्रवेश परीक्षाबाट मुख्य परीक्षार्थीको रुपमा सिफारिश भई तोकिएको शिक्षण संस्थामा भर्ना भई परिषद् रजिष्ट्रेशन कायम भएमा बिद्यार्थीहरुलाई निर्वाह भत्ता बापत प्रति महिना रु. ३,५००।, यातायात खर्च बापत प्रति बर्ष रु. १,५००।, पोशाक खर्च बापत प्रतिबर्ष रु २,५००। तथा प्रशिक्षण अवधिभरका लागि निःशुल्क छात्रावासको व्यवस्था गरिनेछ ।

(घ) परिषद् अन्तर्गतका अन्य कार्यक्रममा रजिष्ट्रेशन कायम भई अध्ययनरत विद्यार्थीहरुले यस बमोजिमको छात्रबृत्तिमा आवेदन फाराम भर्न पाउने छैनन् ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**दलित, मुस्लिम, बिपन्न र सिमान्तकृत समुदायका छात्रछात्राहरुलाई प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहमा निःशुल्क अध्ययन गर्न प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रममा प्रवेश परीक्षाका लागि आवेदन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना ।**

(सूचना प्रकाशित मिति २०८०।०४।२३)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, प्राविधिक महाशाखाको च.नं १५९, मिति २०८०।०४।१६ गतेको पत्रानुसार नेपाल सरकारको आर्थिक बर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम प्रादेशिक सन्तुलन कायम हुनेगरी **दलित, मुस्लिम, बिपन्न र सिमान्तकृत** समुदायका छात्रछात्राहरुबाट निम्न निर्धारित कोटामा प्रि-डिप्लोमा तहमा १२० जना र डिप्लोमा/प्रमाणपत्र तहमा २८० जनालाई प्राविधिक शिक्षामा विशेष छात्रबृत्ति कार्यक्रम अन्तर्गत निःशुल्क प्राविधिक शिक्षा अध्ययन गर्नका लागि योग्य नेपाली नागरिकहरुबाट प्रवेश परीक्षाको आवेदन फाराम भरी बुझाउनु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बिपन्न र सिमान्तिकृत भन्नाले** हलिया, कमैया, अपाङ्गता भएका, द्वन्द्व पिडित/सहिद/जनआन्दोलन घाइते परिवारलाई समावेश गरी नेपाल सरकारबाट सुचिकृत सुविधा वञ्चित (Disadvantage Group) २२ वटा आदिवासी जनजाति समूहहरु ( बनकरिया, बराम, बोटे, चेपाङ्ग, दनुवार, धानुक, हायु, झागड, किसान, कुसुन्डा, लेप्चा, माझी, मेचे, कुसवाडिया, राजी, राउटे, सतार, सिंसा, सियार, सुरेल, थामी र थुनम) लाई मात्र बुझाउनेछ ।

| |
|---|
| कार्यालय प्रयोजनका लागि<br>दर्ता नं :<br>मिति :..........................<br>आवेदन फाराम बुझिलिनेको सही: |

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
**परीक्षा नियन्त्रण कार्यालय**
सानोठिमी, भक्तपुर

| |
|---|
| हालसालै खिचिएको पासपोर्ट (35x45mm) साइजको फोटो टांसी, फोटो र फाराममा पर्ने गरी परीक्षार्थीले सही गर्ने |

**(आवश्यक सम्पुर्ण कागजातहरु संलग्न भएका आवेदन फाराम मात्र कार्यालयले रुजु गरी दर्ता गर्नुपर्नेछ)**

**मुलुकभरीमा प्राविधिक शिक्षाको पहुंच नपुगेका ८० वटा पालिकामा स्थायी बसोबास गर्ने छात्रछात्राहरुलाई डिप्लोमा/प्रमाणपत्र तह अध्ययनका लागि प्रदान गरिने ३ वर्षे निःशुल्क प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रमको प्रवेश परीक्षाको आवेदन फाराम-२०८०**

१. प्रवेश परीक्षाको सिम्बल नं:

२. Name (Capital Letter): First Name ______ Middle Name ______ Last Name ______

३. नामथर (देवनागरीमा):

४. जन्म मितिः वि.सं............................................ इ.सं.............................................. ५. लिङ्ग :..................................

६. बुवाको नाम:................................................................ ७. आमाको नाम:..................................................................

८. स्थायी ठेगाना: प्रदेश ........................................जिल्ला...................................... गा.पा./न.पा.......................................... वडा नं.......

९. धर्म:.................. १०. जाती:........... ११. परीक्षार्थीको सम्पर्क नं.:............................१२. अभिभावकको सम्पर्क नं.:....................................

**(आवेदकले ३ वटा कार्यक्रममध्ये कुनै एक पालिका र एक कार्यक्रममा मात्र आवेदन फाराम भर्न पाउनेछन । भर्नाको छनोट योग्यताक्रमानुसार हुनेछ )**

| **डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरु** | |
|---|---|
| डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | डिप्लोमा इन होटल म्यानेमेण्ट |
| डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स) | |

१३. आफुले अध्ययन गर्न चाहेको शैक्षिक कार्यक्रम उल्लेख गर्नुहोस्: ..............................................................................

१४.तल उल्लेखित लक्षित प्रदेश र पालिका उल्लेख गर्नुहोस् : (उम्मेदवारहरुले आफ्नो नागरिकतामा उल्लेखित स्थायी ठेगाना भएको प्रदेशमा मात्र आवेदन फाराम बुझाउनु पर्नेछ)

प्रदेशको नाम :

पालिकाको नाम :

(क) पहुंच नपुगेका स्थानीय तह भन्नाले परिषद् अन्तर्गत संचालित डिप्लोमा वा प्रमाणपत्र तह वा प्रि-डिप्लोमा तहका कार्यक्रम वा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट संचालित कक्षा (९-१२) को प्राविधिक धारका कार्यक्रम संचालन हुन नसकेका स्थानीय तहलाई जनाउनेछ । उक्त ८० वटा स्थानीय तहको नामावली सूचनामा उल्लेख गरिएको छ ।

(ख) आवेदकले प्राविधिक शिक्षाको पहुंच नपुगेका ८० वटा मध्येको आफु स्थायी बसोबास गरेको पालिकाबाट सिफारिश पत्र ।

(ग) यदि बसाई सराई गरी ८० वटा पालिकामा बसाइ सराई गरी आएको भए आवेदन फाराम खुलेको ६ (छ) महिना अधिको बसाई सराई हुनुपर्ने ।

**१५. आवश्यक शैक्षिक योग्यता :**

| **शैक्षिक योग्यता** | **अध्ययन गरेको शैक्षिक संस्थाको नाम, ठेगाना** | **सामुदायिक/ सरकारी** | **उत्तीर्ण साल** | **सिम्बल नं** | **श्रेणी** | **कुल प्राप्ताङ्क** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|---|
| एस.एल.सी प्रतिशत उत्तीर्णको हकमा | | | | | | | |
| प्राविधिक एस.एल.सी को हकमा | | | | | | | |
| एस.इ.ई अक्षरांकन पद्धति उत्तीर्णको हकमा | | | | विषय (ग्रेड उल्लेख गर्नुपर्ने) | | | समग्र GPA |
| | | | | अंग्रेजी | गणित | विज्ञान | |

१६. फाराम भर्दा संलग्न गर्नुपर्ने कागजातहरु:

| सि.नं | कागजातहरु | पेश गरिएका कागजातहरुको महलमा √ चिन्ह लगाउनुहोस | संलग्न कागजात तथा विवरणहरु रुजु गर्ने अधिकार प्राप्त अधिकारीको नाम र हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | एस.एल.सी. वा एस.ई.ई. उत्तीर्ण मार्कसिट र चारित्रिक प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी | | | |
| २. | प्राविधिक एस.एल.सी. उत्तीर्ण मार्कसिट र चारित्रिक प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी | | | |
| ३. | नागरिकताको प्रमाणपत्र वा नेपाली नागरिक हो भनी प्रमाणित हुने नावालिग वा जन्म दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी | | | |
| ४. | माइग्रेशन प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (नेपाल सरकारको एस.ई.ई बोर्ड बाहेकका अन्य बोर्डबाट उत्तीर्णहरुका हकमा) | | | |
| ५. | समकक्षता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (नेपाल सरकारको एस.ई.ई. बोर्ड बाहेकका अन्य बोर्डबाट उत्तीर्णहरुका हकमा) | | | |
| ६. | आफुले आवेदन गर्न चाहेको लक्षित वर्ग<br>(क) प्राविधिक शिक्षाको पहुंच नपुगेका ८० वटा मध्येको आफु स्थायी बसोबास गरेको पालिकाबाट सिफारिश पत्र ।<br>(ख) यदि बसाई सराई गरी ८० वटा पालिकामा बसाइ सराई गरी आएको भए आवेदन फाराम खुलेको ६ (छ) महिना अघिको बसाई सराई हुनुपर्ने । | | | |

१७. (क) यस आवेदन फाराम भरेका सबै विवरणहरु तथा संलग्न कागजातहरु ठीक, साँचो हो, झुठा ठहरिएमा प्रचलित कानून अनुसार कारवाही भएमा मेरो मन्जुरी छ ।

(ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले प्रदान गरिने यस छात्रवृति मैले प्राप्त गरेमा अध्ययन पश्चात नेपाल सरकारले चाहेमा खटाएको स्थानमा गई तोकिएको समय सम्म सेवा गर्नेछु भनि यो कबुलियतनामा गरेको छु ।

आवेदकको हस्ताक्षरः............................... मितिः...................

१८. आवेदन फाराम स्वीकृत गर्ने कार्यालय प्रमुख/प्राचार्यको नामः............................ हस्ताक्षरः............... मितिः............ कार्यालयको छापः............................